को नियम ४९ को नियम २(क) बमोजिम विपक्षीहरुको नाउँमा अन्तरिम आदेश जारी गरि दिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू।

न्यायाधीश

इति संवत् २०८३ साउन महिना २९ गते रोज ६ शुभम्...........................।

शर्मा दंगालको संयोजकत्वमा गठन गरेको छानबिन समितिले मिति २०८०।१०।१५ मा नेपाल सरकारसमक्ष प्रतिवेदन बुझाएकोमा उक्त प्रतिवेदन सार्वजनिक गरी पाउँ भनी निवेदक भेषराज लुईटेलले उच्च अदालत पाटन, ललितपुरमा दायर गरेको ०८२-wo-१३६१ को रिट निवेदन मिति २०८३।०३।३१ मा खारेज भएको देखिएको र उक्त रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट सचिव पुष्कर सापकोटाद्वारा प्रेषित लिखित जवाफको प्रकरण नं. २ख मा ***"...उक्त छानबिन प्रतिवेदन मुलुकको आर्थिक, भौतिक र व्यवस्थापकिय हितसंग जोडिएको बिषय भएको र त्यस्तो विषयको छानविन प्रतिवेदन सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिम सार्वजनिक गर्न नमिल्ने प्रकृतिको भएकोले सार्वजनिक नगरिएको..."*** भनी नेपाल सरकारको तर्फबाट अभिव्यक्ति दिएको पाइएको, नेपाल सरकार द्वारा गठित उक्त छानबिन प्रतिवेदनमा कम्पनीमा व्यक्तिका लगानी सम्बन्धी विवरण, कार्यालय सञ्चालन सम्बन्धमा विधि पद्धतीका अलबा कतिपय व्यापारिक गोप्य सूचना (Trade secrets) समेत हुने भएकोले नेपाल सरकारले उक्त प्रतिवेदनको आधारमा आवश्यक काम कारवाही गर्न बाधा व्यवधान नभए तापनि कम्पनीको व्यापारिक सूचनालाई सार्वजनिक गर्दा लगानीकर्तामा उत्पन्न हुन सक्ने जोखिम र कम्पनी संचालनमा आउन सक्ने विविध प्रकारका कठिनाई समेत उत्पन्न हुन सक्ने देखियो। सोका अलावा उक्त प्रतिवेदन सार्वजनिक हुँदा संविधानको धारा २८ ले प्रदान गरेको गोपनियताको हक, वैयत्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ को दफा १०,११,१२,१३,१५,१९, आयकर ऐन, २०५८ को दफा ७४, मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३७, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(३)(ग) समेतको उल्लंघन हुन जाने अवस्थाको विद्यमानता देखिएको र सरकार जस्तो नागरिकको संरक्षकले जनताको जीउधनको सुरक्षा गर्नु पहिलो र प्राथमिक जिम्मेवारी देखिएको साथै उक्त प्रतिवेदन सार्वजनिक नगर्दा नेपाल सरकारबाट सम्पादन हुने काम कारवाहीमा कुनै प्रतिकुल प्रभाव पर्न सक्ने अवस्थासमेत नदेखिँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म टंकमणी शर्मा दंगालद्वारा नेपाल सरकार समक्ष बुझाएको मिति २०८०।१०।१५ को प्रतिवेदन सार्वजनिक नगर्नु नगराउनु र उक्त प्रतिवेदन सार्वजनिक गर्ने गरी नेपाल सरकारबाट मिति २०८३।०४।२६ मा भएको निर्णय कार्यन्वयन नगरी यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४

सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

**आदेश**

०८३-wo-०१३५

एनसेल आजियाटा लिमिटेडको तर्फबाट अधिकारप्राप्त कम्पनी सचिव निशिका शर्मा समेत..........................................................................................................निवेदक

**विरुद्ध**

नेपाल सरकार मन्त्रिपरिषद सिंहदरबार काठमाडौं समेत ५..........................................विपक्षी

मुद्दाः उत्प्रेषण समेत।

नियमबमोजिम इजलाससमक्ष पेश हुन आएको निवेदनपत्र सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री पूर्णमान शाक्य, श्री महेश थापा र श्री शरदप्रसाद कोइराला र विद्वान अधिवक्ताहरु श्री कैलाश प्रसाद न्यौपाने, श्री अनुपराज उप्रेती, श्री डिल्लीराम श्रेष्ठ, श्री निरज श्रेष्ठ, श्री सागर न्यौपाने, श्री सरोज कार्की, श्री पुष्पा दंगाल र श्री मदन डंगोलले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो? निवेदन माग बमोजिम आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्याद बाहेक सूचना/ म्याद पाएका मितिले १५ दिनभित्र विपक्षी नं.१,२,३ र ४ को हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत र अन्य विपक्षीहरुको हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी विपक्षीहरूका नाममा सूचना/ म्याद जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नू।

साथै, निवेदकले अन्तरिम आदेश समेत माग गरे तर्फ बिचार गर्दा, निवेदकको ८० प्रतिशत शेयर बिक्रिको विषयलाई लिएर नेपाल सरकारले मिति २०८०।०८।२१ मा टंकमणी